

# अर्थ

बैठकमा महासंघको कार्यकारिणी समितिका सदस्यहरू प्रवलजंग पाण्डे, विनोदराज ढकाल, रविनकुमार श्रेष्ठ, महासंघका निमित्त महानिर्देशक गोपाल तिवारी, महासंघका वरिष्ठ कर्मचारीहरू र प्रतिनिधिमण्डलका सदस्यहरूको उपस्थिति रहेको थियो।

# विराटनगर विमानस्थललाई अन्तर्राष्ट्रियस्तरको बनाइने, मुआब्जा दिन शुरु

**नेपाल समाचारपत्र**

विराटनगर

विराटनगर विमानस्थललाई अन्तर्राष्ट्रियस्तरको बनाउन प्रदेश सरकारले पहल शुरू गरेपछि पर्यटन व्यवसायी उत्साहित भएका छन्। प्रदेश-१ को मन्त्रिपरिषद् बैठकले नै विमानस्थललाई तत्काल अन्तर्राष्ट्रियस्तरको बनाउन संघीय सरकारलाई आग्रह गर्ने निर्णय गरिसकेको छ। लामो समयदेखि पूर्वका उद्योगी व्यवसायीले यो विमानस्थलको स्तरोन्नति गरी अन्तर्राष्ट्रियस्तरको बनाउन माग गर्दै आएका थिए। पूर्वबजेट छलफल कार्यक्रममा मोरङ व्यापार संघ, उद्योग संगठन मोरङ, विराट व्यापार संघसहित पर्यटन व्यवसायीहरूले विमानस्थलको स्तरोन्नतिको माग गर्दै आएका थिए।

मन्त्रिपरिषद्को बैठकले अन्तर्राष्ट्रियस्तरको विमानस्थलका रूपमा विकास गर्न तत्काल काम अगाडि बढाउन संघीय सरकारलाई अनुरोध गर्ने निर्णय गरेको पर्यटन तथा उद्योगमन्त्री जगदीश कुसियतले जानकारी दिए। प्रदेश सरकारले हालको १ हजार ५ सयको रनवेबाट ३ हजार मिटरको धावनमार्गसहितको अन्तर्राष्ट्रियस्तरको बनाउन संघीय सरकारसमक्ष अनुरोध गर्ने निर्णय गरिएको उनको भनाइ छ।




नागरिक उड्डन प्राधिकरणले पनि आन्तरिक रुपमा विमानस्थलको विकास र विस्तारको योजनालाई अघि बढाएको छ। विराटनगर विमानस्थलका प्रमुख टेकनाथ सिटौलाले अल्पकालीन मध्यकालीन र दीर्घकालीन गरी तीन चरणमा विमानस्थलको विकास र विस्तार गरिने जानकारी दिए। पहिलो अल्पकालीन योजनामा विमानस्थलको पूर्वपट्टीको साढे चार विगाह जमिन र त्यसमा रहेका २६ घरलाई अधिग्रहण गरिनेछ। जसको प्रक्रिया अन्तिम चरणमा पुगिसकेको छ। मध्यकालीन योजनामा क्रस बोर्डर जहाजको उडानका लागि ५ वर्षभित्र विमानस्थलरलाई तयार पारिने छ भने दीर्घकालीन योजनामा विमानस्थललाई फुल अन्तर्राष्ट्रियस्तरको बनाइनेछ। जहाँबाट युरोप अमेरिकासम्म सिधा उडान हुनेछ। अल्पकालीन योजनालाई पूर्णता दिन जमिनको मुअब्जा तोकी वितरण शुरू गरीसकेको बताउँदै उनले भने जग्गाको मूल्याङ्‍न सकी वितरण शुरू भइसक्यो अब घरको पनि मुअब्जा वितरण शुरू हुन्छ।

विमानस्थलले घरको पनि मूल्याङ्‍न गरी स्थानीय घरधनीलाई असार मसान्तसम्म रकम बुझिलिन सूचना जारी गरेको छ। प्रतिधुर ३ लाखदेखि ४ लाख २५ हजारसम्म जग्गाको मुआब्जा वितरण गरेको विमानस्थलले घरका लागि भने २० हजारदेखि १५ लाखसम्म मुआब्जा वितरणको तयारी गरेको सिटौलाले जानकारी दिनुभयो। विमानस्थलले मुआब्जा लिई आगामी कात्तिक मसान्तसम्म घर खाली गराउन पनि घरधनीलाई अपिल गरेको छ।

विराटनगर विमानस्थलका प्रमुख टेकनाथ सिटौलाका अनुसार यो विमानस्थल १ सय १० बिघा क्षेत्रफलमा अवस्थित छ। यहाँबाट हाल प्रतिदिन १ हजार ७ सय यात्रु ओहोरदोहोर गर्छन्। स्वदेशका १० वटा विमान कम्पनीका जहाजले दैनिक १५ वटासम्म उडान भरिरहेका छन्। स्तरोन्नति गरिएपछि यहाँबाट १ सय ५० सिट क्षमताका ठूला विमान उड्न सक्नेछन्। विराटनगरबाट तत्काल भारतको कोलकाता र नयाँदिल्लीको उडान भर्न सकिने सम्भावना छ। साथै नयाँ दिल्ली हुँदै बंगलादेशको ढाकाको उडान पनि सञ्चालन गर्न सकिने पर्यटन व्यवसायी पुण्य भट्टराईको दाबी छ। यस विमानस्थलबाट हाल ७० सिट क्षमताका ८० आर ७२ र सिआरजे जेड ७ सय सिरिजका विमानले उडान भरिरहेका छन्। साथै साना टुवीनअटर विमान पनि सञ्चालित छन्। अन्तर्राष्ट्रियस्तरको बनाइएमा न्यारो बडी जेट सर्भिसबाट संसारको कुनै कुनामा पनि हवाई सम्बन्ध कायम गर्न सकिने प्रमुख सिटौलाको भनाइ छ। यहाँबाट २०५८ सालमा नेकोन एअरले कोलकाताको उडान सञ्चालनमा ल्याएको थियो। तर, यो सेवा ६ महिनाभन्दा बढी चलेन। कालान्तरमा नेकोन पनि बन्द भयो। त्यसबेला यात्रु कम भएका कारण देखाएर सेवा स्थगित गरिएको थियो।

प्रदेश सरकारले निर्णय नै गरेर अन्तर्राष्ट्रियस्तरको बनाउन केन्द्र सरकारलाई आग्रह गर्ने निर्णय गरेपछि पर्यटन व्यवसायी उत्साहित भएका छन्। 'हामीले लामो समयदेखि विमानस्थललाई अन्तर्राष्ट्रियस्तरको बनाउन माग गर्दै आएका थियौं,' पर्यटन व्यवसायी भट्टराईले भने-'अब भने हाम्रा माग पूरा हुने संकेत देखिएको छ।' उनले सम्पूर्ण आन्तरिक उडान पनि विराटनगरबाटै सञ्चालन गर्न माग गरेका छन्।

## नेपालगन्ज-नयाँदिल्लीको उडान तालिका स्वीकृति

काठमाडौं, (नेस)

सन् २०१९ को जनवरी १ तारिखदेखि लागू हुने गरी नागरिक उड्डयन प्राधिकरणले बुद्ध एयरको नेपालगन्ज-दिल्लीको उडान तालिका स्वीकृत गरेको छ। यसअघि बुद्ध एयरले नेपालगन्जबाट भारतको राजधानी नयाँदिल्लीका लागि दैनिक ३ उडान बिहान साढे ६, दिउँसो १ र साँझ ५:१० बजेका लागि संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा अनुरोध गरेको थियो। मन्त्रालयले दैनिक ३ उडान गर्ने गरी स्वीकृत गरेको मन्त्रालयका उपसचिव प्रमोद नेपालले बताउनुभयो।

पर्यटन मन्त्रालयको अनुरोधमा परराष्ट्र मन्त्रालयले भारत सरकार समक्ष बुद्ध एयरलाई नेपालगन्जबाट दिल्ली उडानको लागि पत्राचार गरेको छ। बुद्ध एयरले विभिन्न एयरलाइन्ससँग अन्तरदेशीय टिकट बिक्रीका लागि इन्टरलाइन र जीडीएस प्रणाली अध्ययन र लागू गर्नका लागि विभिन्न कम्पनीलाई पत्राचार गरेको छ।

नेपालगन्ज-नयाँदिल्लीको उडान लगत्तै बुद्ध एयरले नेपालगन्ज-पोखराको दैनिक उडान भर्ने जनाएको छ। मन्त्रालयका अनुसार आगामी वैशाख १ गतेबाट उडान भर्ने गरी नेपालगन्ज विमानस्थललाई अन्तर्राष्ट्रियस्तरको रुपमा स्तरउन्नती गरेर सञ्चालनमा ल्याउने तयारी रहेको उपसचिव नेपालले बताउनुभयो।

RHINO GUARANTEED DUCTILITY 500D

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरू | राईनो स्टील | | | |
| --- | --- | --- | --- | --- |
| | ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ९२।९० | ८९।९० | ९२।९० | ९२।९० |
| मलंगवा, जनकपुर, नारायणघाट | ९३।५० | ९०।५० | ९३।५० | ९३।५० |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ९३।५० | ९०।५० | ९३।५० | ९३।५० |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगढी | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |
| पोखरा, स्याङ्जा | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |

नोटः उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ।

नेपालमा पहिलो पटक, नेपालकै लागि

Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695, 9855061366), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151, 9855021918), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450), Sindhuli (9854026965, 9851004153), Pathari (9852048341)

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ असार २३, जुलाई ७, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
| --- | --- | --- |
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १०९।९० | ११०।५० |
| युरो १ को रू. | १२८।७६ | १२९।४६ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४५।४१ | १४६।२१ |
| स्विस फ्रन्क १ को रू. | ११०।७३ | १११।३४ |
| अस्ट्रलियन डलर १ को रू. | ८१।४७ | ८१।९२ |
| क्यानाडियन डलर १ को रू. | ८३।६९ | ८४।१४ |
| सिङ्गापुर डलर १ को रू. | ८०।७८ | ८१।२२ |
| जापानी यन १० को रू. | ९।९४ | ९।९९ |
| चिनियाँ युआन १ को रू. | १६।५४ | १६।६३ |
| साउदी अरब रियाल १ को रू. | २९।३० | २९।४६ |
| कतारी रियाल १ को रू. | ३०।१९ | ३०।३५ |
| थाई भाट १ को रू. | ३।३१ | ३।३३ |
| सं. अरब इमिरट दिराम १ को रू. | २९।९२ | ३०।०८ |
| मलसियन रिङ्गिट १ को रू. | २७।२० | २७।३५ |
| दक्षिण कारियन वन १०० को रू. | ९।८३ | ९।८८ |

**खरिद दर**

| | खरिद दर |
| --- | --- |
| स्विडिस क्रोनर १ का रू. | १२।५१ |
| डेनिस क्रानर १ का रू. | १७।२८ |
| हङकङ डलर १ का रू. | १४।०० |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# चिनियाँ लगानीकर्ताको प्रतिबद्धता

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल उद्योग वाणिज्य महासंघका पदाधिकारी समक्ष चीनको कुइचाओ प्रान्तको कुइचाओ उद्योग वाणिज्य महासंघका उपाध्यक्ष चाङ चाओको नेतृत्वमा नेपाल भ्रमणमा आएको कुइचाओका २० सदस्यीय चिनियाँ उद्यमी व्यवसायीबीच भेटवार्ता गरी नेपालमा चीनको कुइचाओ प्रान्तको लगानी भित्र्याउने सम्बन्धमा छलफल भएको छ। महासंघ र प्रतिनिधिमण्डलबीच सम्पन्न भेटवार्तामा नेपालमा पूर्वाधार, सूचनाप्रविधि, पर्यटन, स्मार्ट सीटी, शहरी यातायात, जनशक्ति विकास तथा डेटा सेन्टर स्थापना लगायतका विषयमा बृहत् छलफल भएको थियो।

सो अवसरमा चिनियाँ पक्षबाट कुइचाओ प्रान्तले गरेको विकासको अनुभव, उच्च प्रविधि तथा पुँजीमार्फत नेपालको विकासमा सहयोग गर्न तिव्र इच्छा व्यक्त गरियो। चिनियाँ एक्जीम बैंकको कुइचाओ शाखा नेपालको विकासमा लगानी गर्न इच्छुक रहेको समेत चिनियाँ पक्षबाट जानकारी दिइयो।

भेटवार्तामा कुइचाओ विश्व विद्यालयका तर्फबाट नेपालको शैक्षिक विकासमा सहयोग गर्न तयार रहेको प्रतिबद्धता जनाइएको थियो। चिनियाँ प्रतिनिधिमण्डलमा इन्भेष्टमेन्ट, हाइवे, ट्रान्सपोर्ट, प्लानिङ, इनर्जी, टेलिकम्युनिकेशन, ग्यास हिटिङ पावर डिजाइन, रेल्वे तथा युनिभर्सिटीलगायतका क्षेत्रको प्रतिनिधित्व रहेको थियो। प्रतिनिधिमण्डलका नेता एवं कुइचाओ उद्योग वाणिज्य महासंघका उपाध्यक्ष चाङ चाओले नेपालको विकासमा कुइचाओ प्रान्त सहयोग गर्न आतुर रहेको स्पष्ट पार्नुभयो।

नेपालको विकास प्रयासलाई सहयोग गर्ने प्रतिबद्धताको प्रशंसा गर्नुहुँदै महासंघका अध्यक्ष भवानी राणाले नेपाल यतिखेर लगानीका लागि उपयुक्त स्थल भएको प्रष्ट पार्नुभयो। लगानी, पुँजी प्रविधि भित्र्याउँदा तपाईहरूलाई आवश्यक सहयोग गर्न महासंघ तयार छ, उहाँले विश्वास दिलाउनुभयो। अध्यक्ष राणाले जनशक्ति विकास तथा महासंघमा डाटा सेन्टर स्थापनाका लागि प्रस्ताव राख्नुभयो। ऊर्जा, कृषि, पर्यटन, शिक्षा, पूर्वाधार (सडक, रेल, पुल, टनेल) लगायतका क्षेत्र नेपालका प्रमुख लगानीका क्षेत्र भएको कुरा सरकारले समेत किटान गरेको अध्यक्ष राणाले स्पष्ट पार्नुभयो।

महासंघका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छाले नेपालको लागि आगामी दशक विकास दशकको रुपमा रहेकाले यहाँ रहेको प्रचुर सम्भाव्यताका क्षेत्रमा लगानी गरी फाइदा उठाउन चिनियाँ लगानीकर्ताहरूलाई आग्रह गर्नुभयो। निजी क्षेत्रको प्रतिनिधिमुलक संस्था महासंघ तपाईहरूलाई नेपालमा स्वागत गर्न आतुर छ, वरिष्ठ उपाध्यक्ष गोल्छाले भन्नुभयो- 'सरकार विदेशी लगानी आकर्षणका लागि आवश्यक नीतिगत सुधारमा क्रियाशील रहेको र लगानीको वातावरण पनि अत्यन्त अनुकुल रहेको छ।'



# विदेशीलाई निगरानी राख्ने कानुन बन्यो

**दीपेन्द्र थापा, काठमाडौं**

सरकारले नेपालमा आउने विदेशी नागरिक तथा पर्यटकलाई अनुगमन र निगरानी गर्न उद्देश्यले विदेशी नागरिक अनुगमन निर्देशिका २०७५ ल्याएको छ।

अध्यागमन विभागबाट प्रस्ताव तयार भएर गृह मन्त्रीस्तरीय निर्णयबाट निर्देशिका स्वीकृत भई लागू भएको छ। जुनसुकै प्रायोजना नेपाल आउने विदेशी नागरिकको स्थितिको बारेमा जानकारी पाउने उद्देश्यले निर्देशिका तयार पारिएको अध्यागमन विभागले जनाएको छ।

अध्यागमन विभागका महानिर्देशक दीपक काफ्लेका अनुसार विदेशी नागरिकको निगरानी गर्नको लागि नै निर्देशिका लागू गरिएको हो। काफ्लेले भन्नुभयो-'यो निर्देशिका आएपछि विदेशी नागरिकलाई ट्र्याकिङ गर्न सहज भएको र विभागले सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै अनुसन्धान गरिरहेको छ।'

निर्देशिकामा भनिएको छ, अध्यागमन ऐन, २०४९ ले अध्यागमन विभागका महानिर्देशकलाई नेपालभित्र विदेशीको प्रवेश, उपस्थिति र प्रस्थानलाई नियमित, व्यवस्थित र नियन्त्रण गर्ने गराउने दायित्व र जिम्मेवारी तोकेएको छ।

सोही ऐनअनुसार 'विदेशीको प्रवेश, उपस्थिति र प्रस्थानसँग सम्बन्धित लिखित अध्यागमन अधिकृत वा महानिर्देशकले तोकेको कर्मचारीले जुनसुकै स्थान र समयमा पनि जाँच गर्न सक्नेछ र तत्सम्बन्धी कागजपत्र आफ्नो नियन्त्रण लिन सक्नेछ' निर्देशिकामा उल्लेख गरिएको छ।

निर्देशिकाको अभाव, सीमित सांगठनिक संरचना तथा जनशक्ति, स्रोत साधनको कमी आदिले गर्दा गैरकानुनी रुपमा बस्ने विदेशी नागरिकको आवश्यक मात्रामा अनुगमन गर्न नसकिएको अवस्था थियो। अध्यागमन प्रशासनलाई उपचारात्मकसँगै निरोधात्मक रुपमा समेत प्रस्तुत हुनुलाई नियमित तथा आकस्मिक रुपमा विदेशी नागरिकको प्रवेश उपस्थिति र प्रस्थानको अनुगमन र निरीक्षण गर्ने व्यवस्था मिलाउन सकेमा अध्यागमन प्रशासन थप सशक्त र प्रभावकारी हुने अपेक्षा गरिएको छ।

भिसाको नियमितता र सही प्रयोग, सीमा नियन्त्रण, शंकास्पद स्थल व्यक्ति, समूह आदिका बारेमा सजगता अपनाउन र राष्ट्रिय सुरक्षा तथा शान्ति सुव्यास्था कायम गर्न थप मद्दत मिल्ने बताइएको छ।

गृह सचिवको संयोजकत्वमा केन्द्रीय अनुगमन निर्देशक समिति रहने छ, सचिवकै निर्देशनमा रहने गरी अनुगमन तथा कार्यान्वयन समितिको संयोजक भने अध्यागमन विभागको महानिर्देशक रहने व्यवस्था गरेको छ। प्रत्येक जिल्लामा अनुगमन समितिको संयोजके प्रमुख जिल्ला अधिकारी रहने गरी अध्यागमन समन्यवय समिति गठन हुनेछ। तीन तहको काम कर्तव्य र अधिकार हुने निर्देशिकामा उल्लेख गरिएको छ।

पहिले महानिर्देशकलाई अनुगमन गर्न अधिकार रहेको थियो भने निर्देशिका अएपछि भने तल्लो तहका कर्मचारीलाई समेत अधिकार हस्तान्तरण भएको छ र निगरानी गर्न सहज भएको विभागको भनाइ रहेको छ।

विभागको प्रभावकारि अनुगमन नहुँदा विदेशी नागरिकले नेपालमा विभिन्न शंकास्पद गतिविधि गरिरहेको घटना पटक-पटक प्रहरीले बाहिर ल्याउँदै आएको थियो। अध्यागमन विभागका शाखा अधिकृत चिरन्जीवी थापाका अनुसार १६ जना विदेशी नागरिक हाल हिरासतमा छन् भने सयभन्दा बढीविरुद्ध अदालतमा मुद्दा दायर गरिएको छ।

त्यस्तै ४४ जनालाई विभिन्न गैरकानुनी क्रियाकलापमा संलग्न रहेकाले देश निकाला गरिएको विभागको भनाइ छ। पर्यटक, विद्यार्थी, व्यापारी, कामदार वा अन्य प्रवेशाज्ञामा नेपाल आएर आफू अनुकूल काम गर्ने गरेका छन्।

**SAUDI ARABIA मा रोजगारको अवसर**

१. कम्पनीः **ADV. SYSTEMS FACTORY**

पूर्वस्वीकृती मिति : 2018/07/05 | चलानी नं. ६०१३२३७० | LT No: 211936

| सि. नं. | कामदारको पद | माग संख्या | मासिक तलब सुविधा SR | मासिक तलब सुविधा ने.रू | न्यूनतम योग्यता | प्रतिदिन काम गर्नेघण्टा | हप्तामा काम गर्नेदिन | ओ.टी.हुने या नहुने | वार्षिक बिदा | खाने सुविधा SR | बस्ने सुविधा | करार अवधि |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| 1. | LABOUR | 3 | 900/- | 26,343/- | सम्बन्धित काममा दक्ष | ८ घण्टा | ६ दिन | कं. नि. अनुसार | | 200/- | छ | २ वर्ष |
| 2. | GENERAL ELECTRICIAN | 2 | 1200/- | 35,124/- | | | | | | 300/- | | |
| 3. | PAPER FOLDING LABOUR BY MACHINE | 2 | 900/- | 26,343/- | | | | | | 200/- | | |
| 4. | PRINTING PLATES CASTING MAKER | 1 | 1800/- | 52,686/- | | | | | | 300/- | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने वीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने/नहुने र कस्ले व्यहोर्ने | हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले दिने र कति लाग्ने | सेवा शुल्क |
| --- | --- | --- | --- | --- | --- | --- |
| कामदार आफै | नदिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | १०,०००/- |

नोट १) छनौट भई भिषा प्राप्त गरिसकेका व्यक्तिहरुले जान नचाहेमा भिषा बापत लागेको शुल्क क्षतिपुर्ति दिनुपर्नेछ।
२) उमेर २१ देखि ४५ वर्ष भित्रको हुनु पर्नेछ।
३) अंग्रेजी भाषा लेख्न र बोल्न सक्ने हुनुपर्नेछ।

**लागत खर्च = रू १०,०००/-**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाइ अनिवार्य रूपमा लिनुहोला। * आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोकको सम्पर्क र फोन नं साथमा राख्नुहोला। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। * यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनु होला। * विदेश जानु अघि अभिमुखीकरण वा इडक्सन तालिम अनिवार्य दिनुहोला। * विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को एक प्रति आफूसंग राख्नुहोला। कामका विदेश जान नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। * यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नु परेमा वैदेशिक रोजगार विभाग, तीनकुनेमा सम्पर्क राख्नुहोला।

GOC
श्रम इजाजत नं. २६/०४८/०४९

**गल्फ ओभरसिज कन्सलटेण्ट**
भगवान वहाल, ठमेल, काठमाण्डौं, नेपाल
फोन नं. ४४२३४२९ / ४४२३०३० / ४४१८६९७

छिमेकसँग विगतमा भएका केही तिक्तता पनि सकिएर सुमधुर सम्बन्ध कायम भइसकेकोले अब नेपालबाट हुने निकासीमा कुनै समस्या नहुने प्रधानमन्त्री ओलीले बताउनुभयो।

# अर्थ

# औद्योगिकीकरणमा सहयोग गर्न आतुर छौं : प्रम

नेपाल समाचारपत्र

काठमाडौं

प्रधानमन्त्री केपी शर्मा ओलीले समृद्धि प्राप्त गर्नका लागि मुलुकमा सुशासन आवश्यक पर्ने बताउनुभएको छ। नेपाल उद्योग परिसंघको १५औं साधारण सभाको उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले सो कुरा बताउनुभएको हो।

'स्वच्छता, पारदर्शिता, कानुनको राज र अवसरको समतापूर्ण ढंगले वितरण भयो भने मात्र समृद्धि हासिल हुनसक्छ। अहिलेको सरकारले भनेको समृद्धि केहीका लागि मात्र नभएर सबै नेपालीका लागि हो।' प्रधानमन्त्री ओलीले भन्नुभयो। मुलुकको ६० प्रतिशत जनसंख्या काम गरेर खान सक्ने भएकाले यो अवसरलाई सदुपयोग गर्नुपर्ने उहाँको भनाइ छ। ठूलो जनसंख्या काम गर्ने सक्ने अवस्थामा हुनु देशको आर्थिक विकासका लागि ठूलो अवसर रहेको समेत उहाँले बताउनुभयो। विगतको सरकारको वित्तीय अनुशासन कायम गर्न नसकेकाले वर्तमान सरकार केही अफ्ठेरोमा परेको प्रधानमन्त्री ओलीले बताउनुभयो। सरकार निजी क्षेत्रसँग सहकार्य गरेर औद्योगिकीकरणमा सहयोग गर्न आतुर रहेको भन्दै ओलीले उद्योग बेचेर खानका लागि नभई मुलुकको हित र समृद्धिका लागि प्रयोग गरिनुपर्ने बताउनुभयो।



प्रधानमन्त्री ओलीले उद्योगी व्यवसायीहरूलाई समेटेर सरकारले एक सल्लाहकार समुह गठन गर्न लागेको समेत जानकारी दिनुभएको छ। उद्योगलाई प्रविधिमैत्री बनाएर गुणस्तरीय उत्पादन गर्न सरकारले प्रोत्साहन गर्ने उहाँको भनाइ छ। नेपालका दुवै छिमेकमा भएको विशाल जनसंख्या नेपालको उपयुक्त बजार भएकाले निर्यातजन्य वस्तुको उत्पादन गर्न व्यवसायीहरूलाई प्रधानमन्त्रीले आग्रह गर्नुभएको छ। छिमेकसँग विगतमा भएका केही तिक्तता पनि सकिएर सुमधुर सम्बन्ध कायम भइसकेकोले अब नेपालबाट हुने निकासीमा कुनै समस्या नहुने प्रधानमन्त्री ओलीले बताउनुभयो।

प्रधानमन्त्री ओलीले विगतमा जस्तो अब कुनै पनि काम गर्दा चाकडी र थैलीको भूमिका नहुने स्पष्ट पार्नुभएको छ। व्यवसायीका कामका लागि कानुनी अप्ठ्यारा, कर्मचारीको अवरोध र ढिलासुस्ती भए सरकारलाई भन्नसमेत प्रधानमन्त्री ओलीले आग्रह गर्नुभएको छ। 'यस्ता केही झन्झटहरू भए सरकारले त्यसलाई फुकाउँछ। तपाईंहरू पनि इमान्दार कारोबार गर्नुहोस। सरकारले गर्नु पर्ने काम के छन् ल्याउनुहोस छलफल गरौं। सबै मिलेर देश बनाऔं,' उहाँले भन्नुभयो। कार्यक्रममा प्रधानमन्त्री ओलीले परिसंघले प्रकाशन गरेको आर्थिक समृद्धिको मार्गचित्र एवम् आवश्यक कानुनी सुधार पुस्तकको विमोचनसमेत गर्नुभयो।

## विश्व बजार

## यौन हिंसापीडित अर्बपति



काठमाडौं, (नेस)

'टक शो क्विन' र 'मिडिया क्विन' उपनामले विश्वपरिचित व्यक्तित्व ओप्रा विन्फ्रे एक अमेरिकी महिला उद्घोषक, अन्तरवार्ताकार, अभिनेत्री, निर्माता तथा लिपिकारका रुपमा चिनिन्छन्। सामान्य र औसतभन्दा पनि तलको जीवनशैलीबाट निकै उच्च र अपार सफलताको कुरा गर्दा उनको नाम अग्रस्थानमै अटाउने गरेको छ।

विन्फ्रे २०औं शताब्दीमा अमेरिकामा बस्ने सबैभन्दा धनी अफ्रिकी महिला हुन्। सन् १९९० को दशकमा विश्वले उनलाई एकमात्र अश्वेत महिला अर्बपतिका रुपमा चिन्थ्यो। अन्तर्राष्ट्रिय पत्रिका फोर्ब्सका अनुसार ओप्रा विश्वका अर्बपतिहरूको सूचीमा ८ सय ८७औं स्थान र अमेरिकी अर्बपतिहरूको सूचीमा ३ सय ६औं स्थानमा छन्। उनको कुल सम्पत्ति ३ दशमलव १ अर्ब अमेरिकी डलर रहेको छ। सन् २०१७ मा उनी विश्वका शक्तिशाली महिलाहरूको सूचीमा २१औं स्थानमा थिइन। तर, उनको सफलताका पछाडि उनले चढेका संघर्षका सिँढीको फेहरिस्ता भने लामो छ। ओप्रा विन्फ्रेको जन्म सन् १९५४ जनवरी २९ मा मिसिसिम्पीको एक गरिब गाउँमा भएको थियो। भनिन्छ, विन्फ्रे जन्मिनुभन्दा अघि नै उनका दु:खका दिन शुरू भए। त्यो कुन अर्थमा भने उनी एक कुमारी आमाकी छोरी थिइन्। उनकी आमा बेर्निटा ली सामान्य गृहणी थिइन् भने उनका पिता बेर्नो विन्फ्रे एक कोईला खानीका कामदार थिए। तर, उनीहरूको विवाह नहुँदै बेर्नोको मृत्यु भयो। उनका बुबाको मृत्यु हुँदा ओप्रा गर्भमै थिइन्। जबकी उनले आफ्ना बाबुको बारेमा पत्ता लगाउन ५४ वर्ष कुर्नुपर्‍यो। सन् २००६ मा बेर्नो विन्फ्रेको लास चिहानबाट निकाली डीएनए परिक्षण गरियो। जुन ओप्राको डीएनएसँग मिल्दोजुल्दो देखिएपछि मात्र उनले आफ्ना बाबु बेर्नो बिन्फ्रे भएको परिचय खुलाउन थालेकी हुन्।

ओप्रा जन्मिएको ६ वर्षपछि उनकी आमा छिमेकी गाउँ विस्कान्सिटीमा बसाई सरिन्। त्यहाँ उनलाई सहायताका लागि कोही पनि थिएन। जसका कारण उनकी आमा दैनिक १८ घण्टा सम्म मजदूरी काम गर्थिन्। मजदूरी गरेर सामान्य दैनिकी चलाउने परिवारमा जन्मिएसँगै ओप्राले बाल्यकालमै गरिबीसँग जुध्नु पर्‍यो। आमासँगै मजदूरीमा जाने ओप्रा ९ वर्षको उमेरमै बलात्कृत भइन्। पहिलो बलात्कारको पीडा सकिन नपाउँदै १३ वर्षको उमेरमा फेरि बलात्कृत भइन्। जसबाट उनी गर्भवती बनिन्। तर, उनको छोराको पेटमै मृत्यु भयो। दोस्रोपटकको बलात्कारपछि उनी आफ्नो आमालाई छोडेर घरबाट भागिन् त्यसपछि उनी एक हजामको घरमा बस्न थालिन् उसलाई उनले बुबा भन्ने गर्थिन्।

**अन्तर्राष्ट्रिय पत्रिका फोर्ब्सका अनुसार ओप्रा विश्वका अर्बपतिहरुको सूचीमा ८ सय ८७औं स्थान र अमेरिकी अर्बपतिहरुको सूचीमा ३ सय ६औं स्थानमा छन्।**

हजामको घरमा बस्दै गर्दा उनलाई मानव जीवनमा शिक्षा कति महत्त्वपूर्ण छ भन्ने कुरा आभाष भयो। सोही कारण उनी स्कुलमा हुने हरेक क्रियाकलापमा संलग्न हुन्थिन् भने सबै जसो कार्यमा आफूलाई अब्बल साबित गर्न थार्लिन। हजामकै घरमा बस्दा उनले उच्च शिक्षा प्राप्त गरिन् भने १९ वर्षको उमेर एउटा स्थानीय रेडियोमा जागिर शुरू गरिन्। उक्त रेडियोमा उनले स्थानीयस्तरका समाचारको प्रस्तोताका रुपमा काम गरिन भने केही समयपछि उनकै भावना अनुसार दिउँसो प्रसारण हुने बहस कार्यक्रम सञ्चालनको पनि जिम्मा दिइयो। उक्त कार्यक्रम केही सिमयभित्रै सिकागो शहरमा सबैभन्दा धेरै सुनिने कार्यक्रम बन्यो।

उनको ओझिलो आवाज र अभूतपूर्व वाकशैलीका कारण उनी छोटो समय मै सञ्चार क्षेत्रमा परिचित बन्न पुगीन्। रेडियो कार्यक्रम निकै लोकप्रिय भएपछि उनलाई सन् १९८३ मा डब्ल्युएसएल नामक टेलिभिजनमा आधा घण्टाको 'टक शो' सञ्चालनका लागि निम्तो आयो। जुन कार्यक्रम उनको जीवनमा सफलताका लागि 'टनिङ प्वाइन्ट' बन्यो। हाल उनको विन्फ्रेको परिचय एक राजनीतिज्ञका रुपमा पनि स्थापित हुँदै गएको छ। गत जनवरीमा आयोजना भएको ७५औं गोल्डन ग्लोब्स अवार्डका क्रममा अमेरिकामा हुने जातीय र लैंगिक हिंसाविरुद्ध सशक्त भाषण गर्दै आफू राजनीतिमा जानसक्ने संकेत दिइकी थिइन्। त्यसको लगत्तै सामाजिक सञ्जालमा 'ह्यासट्याग ओप्रा २०२०' समेत शुरू भएको थियो। ओप्रा विन्फ्रेले सन् २०२० मा हुने अमेरिकी राष्ट्रपतिको चुनावमा हालसम्म आफ्नो उम्मेदवारीको घोषणा नगरे पनि उनलाई हालका राष्ट्रपति डोनाल्ड ट्रम्पविरुद्ध चुनाव लड्न सक्ने ठानिएको छ। उनको भाषणले सबैतिर चर्चा कमाउन थालेपछि अमेरिकी राष्ट्रपति डोनाल्ड् ट्रम्पलेसमेत सामाजिक सञ्जाल ट्वीटरमार्फत् आफू आगामी राष्ट्रपतीय चुनावमा विन्फ्रेको सामना गर्न तयार रहेको धारणा राखेका थिए। ओप्राले अभिनय गरेका द कलर पर्पल, नेटिभ सन्, बी मुभी, एलेन, लिंकनलगायत आधा दर्जन चलचित्र निकै लोकप्रिय छन्।

*(विभिन्न अन्तर्राष्ट्रिय समाचार एजेन्सीको सहयोगमा)*

## ग्लोबल कलेजले जीसीआई फिएस्टा आयोजना गर्ने

Global College INTERNATIONAL
A Pioneer of global education in Nepal

काठमाडौं, (नेस)

ग्लोबल कलेज इन्टरनेसनलले वार्षिक व्यवस्थापन महोत्सव 'जीसीआई फिएस्टा २०१८' गर्ने भएको छ। साउन ४ गतेबाट शुरू हुने महोत्सवको सम्पूर्ण तयारी पूरा भएको छ। कलेज प्रशासनका अनुसार महोत्सवमा विभिन्न १० कार्यक्रम समाविष्ट हुने छन्। तीनले विद्यार्थीलाई व्यवसाय, व्यवस्थापन र लगानीका विभिन्न विधामा आफ्नो क्षमता पहिचान गर्न मद्दत गर्ने कलेज प्रशासनको भनाइ छ।

जीसीआई फिएस्टा अन्तर्गतका गतिविधिमा बिजनेस स्टिम्युलेसन कार्यक्रम, बिजनेस टक, केस एनलाइसिस कम्पिटिसन, आइडिया पिचिङ कम्पिटिसन, बिजनेस क्विज कम्पिटिसन, फोटाग्राफी कम्पिटिसन, भिजुअल एड कम्पिटिसन, फुटसल कम्पिटिसन, आइटी कम्पिटिसन र रक्तदान कार्यक्रम छन्। फिएस्टा एक हप्तासम्म चल्नेछ। कम्पिटिसन आयोजना गर्नुअघि कलेजले कार्यशाला र प्रशिक्षण पनि दिनेछ। यसले विद्यार्थीलाई सिक्न र प्रतिस्पर्धा गर्न मद्दत गर्नेछ।

कार्यक्रमबारे बोल्दै कलेजका प्रिन्सिपल डा. करणसिंह ठगुन्नाले भन्नुभयो-'हामीले विद्यार्थीको क्षमता बढाउन निरन्तर रुपमा कार्यक्रम गरिरहेका छौं ताकी विद्यार्थी छँदैमा उनीहरूले वास्तविक व्यावसायिक संसारको अनुभव गर्न सकून्। आधारभूत रुपमा बिबिए र एमबिएका विद्यार्थीले कक्षा कोठाभित्रै व्यवसायका व्यावहारिक पक्षबारे थुप्रै कुरा सिकिरहेका छन्। जिसिआई फिएस्टा जस्ता कार्यक्रमले विद्यार्थी र बजारको वास्तकविताबीचको खाडल पुर्ने काम गरिरहेका छन्।'

कार्यक्रम निर्देशक समिर शर्माका अनुसार जिसिआई फिएस्टा साताव्यापी हुनेछ। यसमा विद्यार्थीलाई दक्षता, नेतृत्व, टिमवर्क र व्यवसायका व्यावहारिक आधारभूत पक्षमा केन्द्रित कौशलको व्यवस्थापकीय प्रतिस्पर्धामा सामेल गराइने छ। यसले विद्यार्थीलाई आफ्नो क्षमता पहिचानको अवसर उपलब्ध गराउने छ र एउटै फोरममा अघिल्लो र पछिल्लो पुस्ताका विद्यार्थीलाई उभ्याएर उनीहरूबीच सम्बन्ध स्थापित गर्न मद्दत गर्नेछ।'

उक्त कार्यक्रमको व्यवस्थापन प्रदीप पराजुली र उद्दव जोशीले गर्नेछन्। उनीहरू दुवै सीपमा आधारित शैक्षिक कार्यक्रम सीपशालाका संस्थापक हुन्। उनीहरूले चार वर्षदेखि नेपालका प्रतिष्ठित प्राज्ञिक प्रतिष्ठानहरूमा मूल्यमा आधारित शैक्षिक कार्यक्रमका विभिन्न तहमा रहेर काम गरिरहेका व्यक्तिहरू हुन्।

## शेयर बजारका लागि सुखद् साता

काठमाडौं, (नेस)

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा ३९ दशमलव ८८ अंकले बढेर अन्तिम दिन १ हजार २ सय २४ दशमलव ४१ अंकमा पुगेको छ। यस साता नेपाल स्टक एक्सचेन्जमा १ सय ८४ कम्पनीको १ अर्ब ३३ करोड ७३ लाख ३३ हजार रुपियाँ बराबरका ४२ लाख ५४ हजार ५ सय ५० कित्ता शेयर खरिद बिक्री भएका छन्। कारोबार रकम गत साताको भन्दा २८ दशमलव ३९ प्रतिशतले बढी हो। गत साता १ सय ८६ कम्पनीहरूको कारोबार भएको थियो। जसअनुसार १५ हजार ८ सय ४८ कारोबारबाट १ अर्ब ४ करोड १६ लाख २३ हजार रुपियाँ बराबरका ३६ लाख ७९ हजार ६ सय कित्ता शेयर खरिद बिक्री भएका थिए। यस साता 'क' वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पहिलो दिनको तुलनामा ८ दशमलव ३४ अंकले बढेर २ सय ५७ दशमलव ४६ अंकमा आइपुगेको छ।

कारोबार रकमका आधारमा यस साता नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको ७ करोड ४२ लाख ३० हजार रुपियाँ बराबरको कारोबारसहित अग्रस्थानमा रहेको छ। त्यसैगरी कारोबार भएको शेयर संख्याका आधारमा प्राइम कमर्सियल बैंक लिमिटेड अग्रस्थानमा रहेको छ। प्राईमको १ लाख ५५ हजार कित्ता शेयर खरिद बिक्री भएको छ। यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि पाँच दिन खुला रह्यो भने ऋणपत्रतर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरूको कुनै पनि कारोबार भएन। साताभर ३ वटा कम्पनीको बोनस शेयर र ३ वटा कम्पनीको हकप्रद शेयर निष्काशन भएको छ। बोनस शेयर निस्कासन गर्नेमा ओम डेभलपमेन्ट बैंक लिमिटेडको ३७ लाख ८१ हजार ७३ कित्ता, कर्णाली डेभलपमेन्ट बैंक लिमिटेडको १ लाख २० हजार ८ सय कित्ता र आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेडको ३ लाख ४६ हजार ६० कित्ता शेयर सूचीकृत भएको छ।

त्यसैगरी हकप्रद शेयरतर्फ सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेडको २ लाख ८० हजार कित्ता, देव: विकास बैंक लिमिटेडको ६५ लाख ३३ हजार १ सय ८ कित्ता र मञ्जुश्री फाइनान्स लिमिटेडको ३ लाख ६२ हजार १ सय ९० कित्ता शेयर सूचीकृत भएका छन्।

## डिस मिडिया सञ्चालकमा हेरफेर

काठमाडौं, (नेस)

डिस मिडिया नेटवर्क लिमिटेडको संचालक समितिको बैठकले देवीप्रकाश भट्टचनले अध्यक्ष तथा सञ्चालक पदबाट दिनु भएको राजीनामा स्वीकृत गर्दै हेमराज ढकाललाई सञ्चालक समितिको अध्यक्षमा र सञ्चालक सुदीप आचार्यलाई प्रबन्ध सञ्चालकमा चयन गरेको छ।

अध्यक्ष ढकाल आईएमई समूहको प्रबन्ध निर्देशक तथा विभिन्न उद्योग व्यवसायसँग आवद्ध हुनुहुन्छ भने प्रबन्ध सञ्चालक आचार्य कम्पनीको प्रमुख कार्यकारी अधिकृत तथा कामना सेवा विकास बैंक लिमिटेडका अध्यक्षे हुनुहुन्छ। सन् २००९ मा स्थापना भएको डिस मिडिया नेटवर्क लिमिटेडले निकट भविष्यमा सर्वसाधारणका लागि शेयर समेत निष्काशन गर्ने तयारी गरेको छ।

## ग्लोबल आइएमई बैंकको एकैसाथ ७ शाखारहित बैंकिङ सेवा



काठमाडौं, (नेस)

ग्लोबल आइएमई बैंकले २ एकैसाथ ७ शाखारहित बैंकिङ सेवा सञ्चालनमा ल्याएको छ। थप गरिएका ७ शाखारहित बैंकिङ सेवासँगै बैंकको शाखारहित बैंकिङ संख्या ९९ पुगेको छ। ग्लोबल आइएमई बैंकले बाग्लुङको ढोरपाटन नगरपालिका - ८ बोबाङ, गुल्मीको मुसीकोट नगरपालिका- ९ पाडथोक र ठूलापोखरामा, अर्घाखाँचीको मालारानी गाउँपालिका-२, डाँडाकटेरी, गुल्मीको धुरकोट गाउँपालिका- ५, वस्तु तथा नवलपरासीको रामग्राम नगरपालिका- १७, पट्खौली र गोरखाको गण्डकी गाउँपालिका - १, मकैसिङमा सेवा शुरू गरेको हो।

शाखारहित बैंकिङ सेवाबाट देशका विभिन्न ग्रामीण क्षेत्रका बासिन्दाले स्थानीय प्रतिनिधिमार्फत बैंकिङ सेवा लिन सक्नेछन्। निक्षेप खाता खोल्ने, तोकिएको सीमासम्मको रकम जम्मा गर्ने तथा झिक्ने, खातामा रहेको मौज्दातको जानकारी लिने, कर्जाको व्याज भुक्तानी गर्ने, मोबाइल रिर्चाज गर्नेलगायतका सेवा लिन सक्नेछन्। ग्लोबल आइएमई बैंकले १२९ शाखा, १३२ एटीएम, ५ एक्सटेन्सन काउन्टर, १४ वटा राजस्व संकलन काउन्टर र ९९ शाखारहित बैंकिङ सेवा, विदेशमा ३ प्रतिनिधि/सर्म्पक कार्यालयमार्फत ९ लाखभन्दा बढी ग्राहकलाई सेवा प्रदान गर्दै आइरहेको छ।

## सन्राइज बैंकको भेरिफाइड बाई भिसा सेवा शुरू

काठमाडौं, (नेस)

सन्राइज बैंकले विद्युतीय भुक्तानीलाई अझ सहज तथा सुरक्षित बनाउने क्रममा भिसासँग सहकार्य गर्दै भेरिफाइड बाई भिसा (भीबीभी) सेवा सञ्चालनमा ल्याएको छ। भेरिफाइड बाई भिसा सेवा मार्फत भिसा डेविट कार्ड तथा क्रेडिट कार्ड प्रयोग गरी इन्टरनेट मार्फत गरिने भुक्तानीमा सुरक्षाको एक नयाँ तह थपिने बैंकको भनाइ छ। यस सेवामार्फत ग्राहकले सन्राइज बैंकको आफ्नो कुनै पनि भिसा डेविट कार्ड तथा क्रेडिट कार्ड प्रयोग गरी इन्टरनेट मार्फत भुक्तानी गर्दा बैंकमा दर्ता गरिएको मोवाइल तथा ईमेलमा वान टाइम पासवर्ड प्राप्त गर्नेछन् र सोहीमार्फत कारोबार गर्न सफल हुनेछ।

सन्राइज बैंकको आफ्नो कुनै पनि भिसा डेविट कार्ड तथा क्रेडिट कार्डमा सेवा सञ्चालनका लागि ग्राहकले नजिकको शाखा कार्यलयमा सम्पर्क गर्नुपर्नेछ र यस सेवा सञ्चालन वापत कुनै पनि सेवा शुल्क लाग्ने छैन। बैंकले ८८ वटा शाखा, २२ वटा शाखारहित बैंकिङ सेवा ३ वटा एक्सटेन्सन काउन्टर, ९९ वटा एटीएममार्फत ४ लाखभन्दा बढी ग्राहकलाई सेवा प्रदान गर्दै आइरहेको छ।




**ग्लोबल आइएमई बैंक लि.**

शाखा कार्यालय, तेह्रथुम शाखाको निक्षेपउपर हकदाबी सम्बन्धी **३५ दिने सूचना**

**यस शाखा कार्यालयमा बचत खाता खोली कारोबार गर्दै आउनु भएकी श्रीमती दाउरी माया तामाङ्गको मिति २०७४/०६/०५ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनि मृतकको छोरा लाल बहादुर तामाङ्गले यस बैंकको शाखा कार्यालयमा मिति २०७५/०२/२१ मा निवेदन दिएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय, तेह्रथुममा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**ग्लोबल आइएमई बैंक लि.**

शाखा कार्यालय, खोलेसिमल शाखाको निक्षेपउपर हकदाबी सम्बन्धी **३५ दिने सूचना**

**यस शाखा कार्यालयमा बचत खाता खोली कारोबार गर्दै आउनु भएकी श्रीमती बुध माया पौडेलको मिति २०७४/१०/२३ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनि मृतकको श्रीमान श्री पिताम्बर पौडेलले यस बैंकको शाखा कार्यालयमा मिति २०७५/०३/१२ मा निवेदन दिएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय, खोलेसिमलमा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**